बैठक संख्या : २ स्थान : रात्ती नगरपालिका

मिती : २०७९।०२।२७ गते समय : विहान ७:३० बजे

यस रात्ती नगरपालिकाको प्रमुख श्री शमशेर लामा ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

उपस्थिति

१. नगर प्रमुख श्री शमशेर लामा
२. नगर उपप्रमुख श्री देवेन्द्र लामा
३. वडाध्यक्ष नं १ श्री सिद्धिलाल स्याङतान
४. वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती
५. वडाध्यक्ष वडा नं ३ श्री शिवकान्त ओली
६. वडाध्यक्ष वडा नं ४ श्री केदार प्रसाद ~~पाठक~~ आचार्य
७. वडाध्यक्ष वडा नं ५ श्री सिताराम बल
८. वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु
९. वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी
१०. वडाध्यक्ष वडा नं ८ श्री पूर्ण प्रसाद आचार्य
११. वडाध्यक्ष वडा नं ९ श्री खड्क बहादुर तमाङ
१२. वडाध्यक्ष वडा नं १० श्री तेज बहादुर तमाङ
१३. वडाध्यक्ष वडा नं. ११ श्री बुद्धि बहादुर तमाङ
१४. वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा
१५. वडाध्यक्ष वडा नं. १३ श्री अशोक कुमार प्रजा
१६. सदस्य श्री गोमा देवी धरेल
१७. सदस्य श्री मित्र कुमारी तितुङ
१८. सदस्य श्री कविता राई
१९. सदस्य श्री रमिता परियार
२०. सदस्य श्री मिना कुमारी अधिकारी
२१. सदस्य श्री आइती देवी दराई
२२. सदस्य श्री रेल बहादुर प्रजा
२३. सदस्य श्री भक्त बहादुर सुनार
२४. प्रमुख प्रशासकीय अधिकृत श्री गंगा बहादुर भुजेल सदस्य सचिव
२५ [illegible] श्री शर्मा (अ.सा[illegible])

बैठक संख्या ०२ मिति :२०७९।०२।२७

**प्रस्तावहरु**

१. बधाई शुभकामना तथा धन्यवाद ज्ञापन सम्बन्धमा ।
२. विभिन्न समितिको पदपुर्ति गर्ने सम्बन्धमा ।
३. विपन्नलाई निशुल्क स्वास्थ्य विमा सम्वन्धमा ।
४. फोहोरमैला व्यवस्थापन सम्बन्धमा ।
५. अति विपन्नलाई आधारभुत आवश्कताको शुनिश्चितता सम्वन्धमा ।
६. नगरसभा मिति तोक्ने सम्बन्धमा ।
७. अनलाईन राजश्व भुक्तानी सम्बन्धमा ।
८. सुरक्षित नागरिक आवास कार्यक्रम प्रगती समिक्षा सम्बन्धमा ।
९. आर्थिक सहयोग स्वीकृत सम्बन्धमा ।
१०. सार्वजनिक सुनुवाई तयारी सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

राप्ती नगरपालिकाको हालै सम्पन्न स्थानीय तह सदस्य निर्वाचन २०७९ मा निर्वाचित हुने सम्पुर्ण सदस्यहरुलाई हार्दिक वधाई तथा सफल कार्यकालको सुभकामना व्यक्त गर्दै यस निर्वाचनमा सभ्य र स्वच्छ तरिकाले मतदान गरी निर्वाचन सफल पार्न सहयोग गर्नुहुने सम्पुर्ण नगरवासी बुवा मुवा दिदिबहिनि तथा दाजुभाईहरुलाई धन्यवाद ज्ञापन गरियो ।

**निर्णय नं. २**

राप्ती नगरपालिकाको स्थानीय तह सदस्य निर्वाचन पश्चात स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम राजश्व परामर्श समिति सदस्यमा वडा नं. २ का वडा अध्यक्ष श्री श्यामसुन्दर उप्रेती र कार्यपालिका सदस्य श्री कविता राईलाई चयन गर्ने सर्वसहमत निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा राप्ती नगरपालिका विभिन्न वडामा बसोबास गर्ने अति विपन्न परिवारलाई संविधानको धारा ३५ बमोजिम आधारभुत स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्य सम्बन्धित वडा समितिले निर्णय गरी वडा मार्फत नै निशुल्क विमा गर्ने सर्वसहमत निर्णय गरियो ।

**निर्णय नं. ४**

राप्ती नगरपालिकाको फोहोरमैला व्यवस्थापनका सम्बन्धमा फोहोरमैला बर्गिकरणका लागि नगरस्तरिय जनचेतनामुलक कार्यक्रम राख्ने र वर्गिकृत फोहोर संकलनका लागि १ वटा ट्याक्टर खरिद गर्न खरिद प्रक्रियामा जाने साथै ट्याक्टर सञ्चालनका लागि एक जना ड्राइभर र एक जना हेल्पर नियुक्त गरी फोहोरमैला व्यवस्थापन गर्ने सर्वसहमत निर्णय गरियो ।

बैठक संख्या ०२

मिति :२०७९।०२।२७

**निर्णय नं. ५**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा रासी नगरपालिकामा भैपरी रुपमा आइपर्ने प्राकृतिक प्रकोप तथा विपद्का कारण नगरवासीहरुमा आधारभुत आवश्यकता पुरिपुर्ति गर्न असहज परिस्थिति आइपरेको अवस्था राज्यको नागरिकप्रतिको दायित्व स्वरुप त्यस्ता व्यक्तिको न्युनतम आधारभुत आवश्यकता परिपुर्तिका लागि सम्वन्धित वडा कार्यायल मार्फत आवश्यक सहयोग गर्ने सर्वसहमत निर्णय गरियो ।

**निर्णय नं. ६**

आर्थिक वर्ष २०७९/०८० का लागि गरिने बजेट सभा अर्थात नगरसभाको एघारौ अधिवेशन यहि मिति २०७९।०३।१० गते विहान ११ बजेदेखी रासी नगरपालिका वडा नं. २ मा रहेको नगरसभाहलमा गर्ने सर्वसहमत निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा रासी नगरपालिकाको अधिकार क्षेत्रभित्रका राजश्व संकलन कार्यलाई सरल र व्यवस्थित बनाई छोटो समयमा घरमै बसी अनलाईन मार्फत राजश्व भुक्तानि गर्न सक्ने व्यवस्था मिलाउनका लागि एकिकृत राजश्व संकलन एपस निर्माण गरी अनलाइन मार्फत राजश्व भुक्तानि गर्ने व्यवस्था मिलाउने सर्वसहमत निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत रासी नगरपालिका विभिन्न वडाहरुमा जम्मा ३६८ घरधुरीको निर्माण गर्ने कार्य अगाडि बढी प्रथम किस्तामा दामासाहिले रु १८००० वितरण गरिएकोमा सो को प्राविधिक मुल्याङ्कन र प्रगतीको आधारमा बाँकि रकम माग गर्ने सर्वसहमत निर्णय गरियो ।

**निर्णय नं. ९**

रासी नगरपालिका वडा नं. १ मा बाघको आक्रमणबाट मृत्यु भएकी ५५ बर्षिया मृतक सेतीमाया तमाङ को परिवारलाइ राहात स्वरुप रु ५०,००० दिने निर्णय गरियो साथै रासी नगरपालिका अन्तर्गत पुर्ननिर्माण शाखामा कर्यरत स.ई श्री दिपेश अधिकारीको कार्यालयको कामको सिलसिलामा मोटरसाइकल एक्सिडेन्ट बाट घाइते हुनुभएकोमा अस्पतालमा उपचार गराउदा ठुलो धनराशि खर्च भएको हुदाँ नगरबाट सहयोग स्वरुप रु ५०,००० आर्थिक सहयोग गर्ने सर्वसहमत निर्णय गरियो ।

**निर्णय नं. १०**

रासी नगरपालिकाको आर्थिक बर्ष २०७८/०७९ को दोस्रो र अन्तिम चौमासिकको सार्वजनिक सुनुवाई कार्य मिति २०७८।०३।२० गते विहान ७ : ०० बजेदेखि गर्ने सर्वसहमत निर्णय गरियो ।